# पाल्हीनन्दन गाउँपालिका

## नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश

# पाल्हीनन्दन राजपत्र

खण्ड २ संख्या २ मिति २०८०/०७/१७

**भाग २**

**पाल्हीनन्दन गाउँपालिका**


# गर्भवती महिलाहरुलाई क्याल्सीयम चक्की वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।०९।२७

**प्रस्तावना**

गर्भवती महिला तथा गर्भमा रहेको शिशुको स्वास्थ्य अवस्थालाई सुधार गर्न,आमा र बच्चा दुबैलाई कुपोषण हुनबाट जोगाउन साथै गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिनको लागि प्रोत्साहन गर्न यस पालिका क्षेत्र भित्रका सम्पुर्ण गर्भवती महिलाहरुलाई यस पालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुबाट पहिलो पटक गर्भवती जाचँ गराए बापत निःशुल्क क्याल्सीयम चक्की प्रदान गर्ने उद्देश्यले पाल्हीनन्दन गाउँपालिकाबाट संचालन गरिने गर्भवती महिलालाई क्याल्सीयम चक्की वितरण कार्यक्रम व्यवस्थित गर्न वान्छनीय भएकोले पाल्हीनन्दन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले यो निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम "गर्भवती महिलाहरुलाई क्याल्सीयम चक्की वितरण कार्यक्रम कार्यान्वयन निर्देशिका , २०७९" रहेको छ ।

ख) यो निर्देशिका पाल्हीनन्दन गाउँपालिका, गाउँ कार्यपालिकाबाट स्विकृत भई स्थानिय राजपत्रमा प्रकाश भएको मिति देखि लागु हुनेछ ।

**२) परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा कार्यक्रम कार्यान्वयन लागि यस निर्देशिकामा,

क) "गर्भवती महिला" भन्नाले पाल्हीनन्दन गाउँपालिका भित्र बसोबास गर्ने र स्वास्थ्य संस्थाबाट प्रोटोकल अनुसार नियमित गर्भ जाचँ गरि रहेको गर्भवती महिलालाई सम्झनु पर्दछ।

ख) "पोषण" भन्नाले महिलाको शारिरीक अवस्था अनुसार प्रयाप्त पोषण तत्वयुक्त खानाको पर्याप्ततालाई सम्झनु पर्छ ।

ग) "स्वास्थ्य संस्था" भन्नाले पाल्हीनन्दन गाउँपालिकाको मातहातमा रहेका स्वास्थ्य चौकीहरु, आधारभुत स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रलाइ सम्झनु पर्छ ।

घ)"क्याल्सीयम चक्की" भन्नाले पाल्हीनन्दन गाउँपालिका भित्र बसोबास गर्ने र स्वास्थ्य संस्थाबाट प्रोटोकल अनुसार नियमित गर्भ जाचँ गरि रहेको गर्भवती महिलालाई स्वास्थ्य संस्थाबाट प्रदान गरिने ६ महिना अवधी सम्मको क्याल्सीयम चक्कीलाई सम्झनु पर्दछ ।

**३) निर्देशिकाको उद्देश्यः**

(१) पाल्हीनन्दन गाउँपालिका अन्तर्गत स्थायी वा अस्थायी रुपमा वसोवास गरेका गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थाहरुबाट निःशुल्क ६ महिनासम्म गर्भावस्थामा आवश्यक पर्ने क्याल्सीयम चक्की उपलब्ध गराउने ।

(२) महिलाहरुलाई सुचिकृत स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने संख्यामा बृद्धि गर्ने ।

(३) गर्भावस्थामा हुने जटिल्ताको न्यूनीकरण गरि सुरक्षितमात्वको सुनिश्चितता गर्ने

(४) बालमृत्युदर र मातृ मृत्युदरमा कमी ल्याउने ।

(५) घरमै सुत्केरी हुने संख्या घटाउने ।

(६) बच्चा र आमा दुवैमा कुपोषणबाट हुने शारीरिक/मानसिक अपाङ्गता एवं सामाजिक समस्या न्यूनिकरण गर्ने ।

## परिच्छेद-२
## सेवा प्रवाह, लगत र खरिद

**४)सेवाप्रवाह, लगत र खरिदः**

क) गर्भवती महिलाहरुलाई निःशुल्क वितरण गरिने क्याल्सीयम चक्की स्वास्थ्य संस्थाहरुबाट पहिलो पटक गर्भ जाचँ (गर्भ रहेको चौथौ महिना) गरी कार्ड बने पछि सोही स्वास्थ्य संस्थाबाट निरन्तर ६ महिना सम्म प्रदान गरिनेछ ।

ख) प्रत्येक स्वास्थ्य संस्थाहरुले क्याल्सीयम वितरण गरिएको गर्भवती महिलाहरुको विवरण अनुसूची १ अनुसार अध्यावधिक गरी चौमासिक रुपमा स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ।

ग) प्रत्येक स्वास्थ्य संस्थामा आवश्यक पर्ने क्याल्सीयम चक्की वार्षिक रुपमा त्यस आ.व.को अनुमानीत गर्भवती संख्या तथा स्वास्थ्य संस्थाको माग अनुसार स्वास्थ्य शाखाले स्वास्थ्य संस्थाहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

घ) स्वास्थ्य संस्थाहरुले क्याल्सीयम चक्की प्राप्त गर्ने गर्भवती महिलाहरुको ANC कार्ड तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा राख्नु पर्नेछ ।

## परिच्छेद-३
## अभिलेख र प्रतिवेदन

**५)अभिलेख र प्रतिवेदनः**

स्वास्थ्य संस्थाहरुले क्याल्सीयम चक्की वितरण गर्दा अनुसूची १ बमोजिमको फारम भरी स्वास्थ्य शाखामा चौमासिक रुपमा पेश गर्नुपर्नेछ ।

**६) सार्वजनिकगर्नुपर्ने :**

स्थानीयतहले स्वास्थ्य संस्थामार्फत वितरण गरेको क्याल्सीयम चक्की प्राप्त गर्ने गर्भवती महिलाहरुको विवरण वार्षिक रुपमा सार्वजनिक गर्नुपर्नेछ ।

**७) प्रचलित कानुन बमोजिम हुने**

यस निर्देशिकामा उल्लेख भएको विषयको हकमा यसै बमोजिम हुने र अन्य विषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**८) कारबाही सम्बन्धीव्यवस्था :**

१) यस निर्देशिकामा तोकिएको मापदण्ड पूरा नभएका महिलाहरुले झुट्टा विवरण पेश गरी वा दोहोरो पर्ने गरी क्याल्सीयम चक्की लिनु हुँदैन ।

२) यस निर्देशिकाको प्रतिकुल हुने गरी वितरण गर्ने कर्मचारीलाई समेत प्रचलित कानुन बमोजिम कारबाही गरी त्यस्तो वितरण गर्ने कर्मचारीबाट निजले वितरण गरेको हद सम्मको रकम गाउँपालिकाले असुल गर्नेछ ।

## अनुसूची–१

## (दफा ४ संग सम्वन्धित(

**<u>स्वास्थ्य संस्थाले गर्भवती महिलालाइ क्याल्सीयम चक्की वितरणगरेको विवरण</u>**

जिल्लाः नवलपरासी (प.सु.ब) स्थानीय तहः पाल्हीनन्दन गाउँपालिका

स्वास्थ्य संस्थाको नामः

प्रतिवेदन गरेको अवधिः मिति सम्म ............................ देखि मिति ..............................

| क्र.सं. | गर्भवती महिलाको नाम, थर | उमेर | ठेगाना | प्रथम पटक गर्भवती जाचँ गरेको मिति | क्याल्सीयम चक्की वितरण परिमाण | सेवा प्रदायक स्वास्थ्यकर्मीको नाम थर | बुझिलिने गर्भवती महिलाको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

यस चौमासिकमा वितरण गरिएको क्याल्सीयम चक्कीको संख्याः

यस चौमासिकमा क्याल्सीयम चक्की पाएका गर्भवती महिलाको संख्याः

*नोटः यस फारमसंग दफा ४ को उपदफा (घ) बमोजिमका कागजात संलग्न गरीचौमासिक रुपमा स्वास्थ्य शाखामा पेश गर्नुपर्छ ।*

**विवरण तयार गर्नेको**

दस्तखतः ............................

नामः .........................

पदः ............................

मितिः ..........................

**प्रमाणित गर्नेको**

दस्तखत ............................

नाम ............................

पदः ...........................

मितिः .................=..

**आज्ञाले**

**बुद्ध प्रकाश पौडेल**

**प्रमुख प्रशासकिय अधिकृत**